# कानेपोखरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# बयरबन, मोरङ

## विपद् व्यवस्थापन कोष

संचालन निर्देशिका
२०७४

**बिषय सूची**


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| | भुमिका | १ - ३ |
| परिच्छेद १ (एक): प्रारम्भिक | | ४ |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ४ |
| २ | परिभाषा: | ४ - ७ |
| परिच्छेद २ (दुई): लक्ष तथा उद्देश्य | | ८ |
| ३ | निर्देशिकाको लक्ष्य : | ८ |
| ४ | निर्देशिकाको उद्देश्य : | ८ |
| परिच्छेद ३ (तीन): बिपद् व्यवस्जथापन कोष | | |
| ५ | कोषको स्थापना: | ९ - १० |
| परिच्छेद ४ (चार): कोषको प्रयोग सम्बन्धी ब्यवस्था | | ११ |
| ६ | कोषको नगद तथा जिन्सि खर्च गर्न सकिने क्षेत्र | ११ - १३ |
| परिच्छेद ५ (पाँच): विपद् व्यवस्थापन कोष सञ्चालन तथा ब्यवस्थापन समितिको संरचना साथै काम, कर्तव्य र अधिकार | | १४ |
| ७ | समिति र समितिको संरचना: | १४ - १५ |
| ८ | समितिको काम कर्तव्य र अधिकार : | १५ - १७ |
| ९ | कार्यदल गठन सम्बन्धी ब्यवस्था | १७ |
| परिच्छेद ६ (छ): समितिको वैठक सञ्चालन सम्बन्धी व्यवस्था | | १८ |
| १० | समितिको बैठक संचालन तथा सेवा सुविधा संबन्धी ब्यवस्था | १८ - १९ |
| परिच्छेद ७ (सात): विविध | | २० |
| ११ | विपद् ब्यवस्थापन कार्य गर्ने गराउने व्यवस्था | २० |
| १२ | अनुगमन तथा मुल्याङ्कन | २० |
| १३ | संशोधन तथा परिमार्जन | २० |
| १४ | प्रचलित कानून बमोजिम हुने | २० |
| १५ | अमान्य वा निस्कृय हुने | २० |

# कानेपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बयरबन, मोरङ
# विपद् व्यवस्थापन कोष संचालन निर्देशिका
# २०७४

**भूमिका**

मोरङ जिल्लाका साविकका बयरवन, केरौन र होक्लाबारी गाउं विकास समितिहरूलाई एकिकृत गरी स्थानीय तह पुनसंरचना आयोगको सिफारिस अनुसार नेपाल सरकारको निर्णय बमोजिम २०७३ सालमा स्थापित नयाँ गाउँपालिका हो । प्रदेश नं. १ को दक्षिणी क्षेत्रमा अवस्थित मोरङ जिल्लाको सदरमुकाम बाट पूर्व भागमा रहेको यस गाउँपालिकाको सम्पूर्ण क्षेत्र समथल भुभागमा पर्दछ । पूर्वमा पथरीसनिस्चरे र सुनवर्सी नगरपालिका, पश्चिममा बेलबारी नगरपालिका, उत्तरमा लेटाङ नगरपालिका तथा दक्षिणमा रङ्गेली नगरपालिकासंग जोडिएर समुद्र सतहबाट करिव ७५ मिटर उचाईमा रहेको यो गाउँपालिका कुल ८२.८३ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस गाउँपाकिाको कुल क्षेत्रफल मध्ये जम्मा ४८२५ हेक्टर जमिन (कुल क्षेत्रफलको ८५ %) कृषि योग्य जमिनको रुपमा रहेको भएता पनि उक्त कृषि योग्य जमिन मध्ये ७५ % मात्र भुभाग कृषि उपज उत्पादनकालागि प्रयोगमा आएको पाईन्छ । केन्द्रिय तथ्याङ्क विभागको २०६८ सालको तथ्याङ्कका आधारमा हेर्दा यस गाउँपालिकाका ८६८३ घर परिवारमा महिला २०५४१ तथा पुरुष १७४९२ गरी कुल ३८०३३ जनसंख्या रहेको देखिन्छ भने यसै गाउँपालिकाको बस्तुगत विवरण २०७४ का आधारमा २०७४ सालमा ८७९४ घर परिवारमा बसोबास गर्ने महिला २५३५५ र पुरुष २४४३६ गरी कुल ४९७९१ पुगेको देखिन्छ । प्रशासनिक सुगमता र सुशासनको व्यवस्थपनकालागि ७ वटा वडामा विभक्त गरिएको यस गाउँपालिकाको दिगो विकासको आधार तयार गर्न विद्यामानमा रहेका र आगामि दिनमा स्थापना हुने समेतका पूर्वाधारहरू लगायतका सवै पूर्वाधार र धन जनको सुरक्षाकालागि संभावित बिपद्को व्यवस्थापन गर्न सक्ने वातावरणको तयार गर्न अनिवार्य छ ।

पर्याप्त उर्बर जमिनले परिचित यो गाउँपालिकामा प्रशस्तै जंगल र जलस्रोत समेत उलपब्ध रहेका कारण प्राकृतिक सम्पदाका दृष्टिकोणले समेत निकै सम्पन्न मानिन्छ । सार्वजनिक पूर्वाधारहरूको लेखा जोखा गर्दा यसै गाउँपालिकाको बस्तुगत विवरण २०७४ लाई आधार मानेर हेर्दा विद्यालय तर्फ प्राथमिक विद्यालय ११, निम्नमाध्यमिक विद्यालय ५, माध्यमिक विद्यालय ६ र क्याम्पस १ गरी जम्मा २३ वटा शिक्षण सस्थाहरू सञ्चालनमा रहेका देखिन्छन् भने यीनमा शिक्षक शिक्षिकाकालागि २६ वटा र छात्रछात्राकालागि ५८ वटा गरी कुल ८४ वटा सौचालय सञ्चालनमा रहेको देखिन्छ । स्वास्थ्य क्षेत्रका

पूर्वाधारको लेखाजोखा गर्दा ३ वटा स्वास्थ्य चौकी मात्र रहेको पाईन्छ भने सिचाईका पूर्वाधारको हकमा कालिकोशी दहीखोला, सुनसरी मोरंग सिंचाई आयोजना र ठडीया, सुकुना, विसनपुर, भलुवा र डाँसखोला पैनी सञ्चालनमा रहेको देखिन्छ । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनकालागि कालिकोशी सिमसार, भलुवा सिमसार र कानेपोखरी जस्ता तालतलैया र प्राकृतिक पोखरी समेत रहेको यो गाउँपालिकामा धार्मिक स्थलको हिसावले ४३ वटा विभिन्न मठमन्दिर, २ वटा मस्जिद, २ वटा गुम्बा र ४ वटा चर्च रहेको देखिन्छ । ३ वटा मात्र आफ्नै कार्यालय भवन रहेको यो गाउँपालिकामा ४ कि.मि. राजमार्ग, १७.२ कि.मि. सहायक राजमार्ग, विभिन्न वडामा गरी २४ कि.मि. पक्कि तथा कालोपत्रे सडक, ४५० कि.मि. ग्राभेल सडक, २७ कि.मि. कच्ची तथा मौसमी (निर्माणधिन समेत) गरी कुल ५२२ कि.मि. सडक सञ्जाल रहेको छन् भने जम्मा ३.५ कि.मि.मात्र सतह ढल तथा नाला रहेको छ । डाँसखोला पूल र भलुवाखोला पूल गरी २ वटा झोलुङ्गे पुल, ६ वटा सार्वजनिक पाटी पौवा र चौतारा, ५ वटा खेलमैदान रहेको यस गाउँपालिकामा विगतमा बाढी बाट भएको जमिन कटानले करिव २ करोड बराबरको २५ विगाहा जमिन समेत नोक्सान भएको देखिन्छ ।

कानेपोखरी गाउँपालिका थुप्रै अवसर र संभावना बोकेको भएता पनि विगत देखिनै स्थापित भएर आएका केहि चुनौतिहरूको समेत सामनाकालागि तयार रहनु पर्ने अवस्था देखिएको छ । बढ्दो जनआकांक्षा र आवश्यकता बमोजिमको माग पुरा गर्ने गरिको स्रोत र साधनको कमी, दिगो र भरपर्दो भौतिक पूर्वाधारको अभाव, बदलिएको परिवेश संगै उपयुक्त नीति नियमको अभाव, बिभिन्न खोला किनारा लगायतका स्थानमा रहेको अब्यवस्थित बसोबास, श्रम पलायनका कारण उत्पन्न दक्ष जनशक्तिको अभाव र यसले विकास निर्माणमा सृजना गरेको नकारात्मक प्रभाव, जनचेतनामा कमी, गरिवी तथा बेरोजगारी, भूमिको प्रयोगमा सहि ब्यवस्थापनको खाँचो साथै विपद ब्यवस्थापन र त्यसको न्यूनिकरणकालागि आवश्यक दिगो ब्यवस्थापनको खांचो यसका केहि उद्धारण हुन ।

संरचनायुक्त पूर्वाधारको निर्माण गर्नु मात्र हैन यीनको दिगो ब्यवस्थापन र टिकाउपन एक अनिवार्य सर्त हो । बदलिएको परिवेशसंगै दिगो विकासको आधारसिला निर्माण गर्न बिद्यमान तथा अब बन्ने संरचनायुक्त पूर्वाधारहरूमा कुनै प्रकारको जोखिम उत्पन्न हुन नदिनु यसको महत्वपूर्ण पक्ष हो । सम्भावित विपदको न्यूनिकरण गर्दै आपतकालिन अवस्थामा विपदको सहि र समयबद्ध ब्यवस्थापनका लागि आर्थिक लगायतका सम्भाब्य सवैखाले स्रोत र साधनको अभाव उत्पन्न हुन नदिनु आजको प्रमुख आवश्यकता र जिम्मेवारी समेत हो । दिगो विकासको माध्यमबाट समृद्धिको मार्ग प्रसस्त गर्न सम्भावित विपद ब्यवस्थापन एक अनिवार्य सर्त बनेको छ । कानेपोखरी गाउँपालिकाको सम्पूर्ण क्षेत्र समथल भुभागमा रहेको भएता पनि प्राकृतिक विपत्ती लगायतका सम्भावित सवै प्रकारका जोखिम बाट मुक्त रहन सक्ने सम्भावना भने रहेको देखिदैन । नेपाली जनजिब्रो अनुसार विपद् बाजा बजाएर आउँदैन । विपद् अकल्पनीय र डरलाग्दो पनि हुन सक्दछ । विपद् भन्ने वित्तिकै यसले प्राकृतिक वा गैरप्राकृतिक कारणबाट उत्पन्न हुने वा हुन सक्ने धन जनको क्षति समेतको विपत्तिपूर्ण अवस्थालाई ईङ्गित गदर्छ । यसले कुनै पनि ठाउँमा विपत्तिपूर्ण अवस्था सिर्जना गरी जनधनको क्षतिको साथै जीवनयापनमा प्रतिकूल असर पार्न सक्ने सम्भावना रहन्छ । विश्व परिवेश र हाम्रै देश नेपालमा समेत विगतमा देखा

परेका दुःखद् तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक अबस्था वा जलवायु परिवर्तनबाट भएका तथा भावि दिनमा हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत परिलक्षित गरेर हेर्ने हो भने विपद्बाट प्रभावित व्यक्ति वा समुदायले कहिलेकाहिँ यती ठूलो क्षति ब्यहोर्नुपर्ने हुन सक्छ जहाँ आफ्नै स्रोत, साधन र क्षमताबाट समाधान हुन सक्ने अवस्था समेत नरहन सक्छ । यसका लागि आन्तरिक तथा बाह्य सहयोगको समेत आवश्यकता पर्न सक्ने कुरालाई नजरअन्दाज गर्न सकिदैन । नेपाल विपद्का कारण अत्याधिक प्रभावित भइरहने मुलुकको सूचीमा पर्छ । भूकम्पीय जोखिमका हिसावले नेपाल विश्वका १९८ मुलुकमध्ये ११ औं, जलउत्पन्न प्रकोपको जोखिमको हिसाबले ३० औं र जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको हिसावले चौथो स्थानमा पर्दछ । देसका अधिकांश क्षेत्र बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर, हिमताल विस्फोट, हिमपहिरो र भूकम्पको जोखिममा रहेका छन् ।

कानेपोखरी गाउँपालिकाको भौगोलिक बनोटलाई केन्द्रविन्दुमा राखेर हेर्दा विपद् जोखिम व्यवस्थापनको कार्यलाई विशेष महत्व दिनु पर्ने देखिन्छ । विपद् जोखिम व्यवस्थापन पद्धतिलाई विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गरी विपद् ब्यवस्थापनको हिसावले सक्षम र गतिशिल गाउँ तथा समाजको विकासको प्रयासलाई अघि बढाउनु कुनै पनि बखत देखा पर्न सक्ने सम्भावित अपुरणीय क्षतिको न्यूनिकरण गर्ने एक मात्र उपाय हो । विपद् अपर्झट आउने विनासकारी अबस्था भएको कारण यसको न्यूनिकरणको लागि सतर्कता र पूर्व तयारी एवम् जोखिम र क्षतीको सामना गर्न सक्ने अबस्थामा बलियो र व्यवस्थित भएर बस्नु बाहेकको कुनै विकल्प देखिदैन । त्यसैले जलवायु परिवर्तन र विपद्जन्य जोखिम व्यवस्थापन लाई केन्द्र देखि स्थानिय तहसम्म विस्तार गरी सबै तहका विकास व्यवस्थापन सँग सम्बन्धी नीति तथा कार्यक्रममा विपद व्यवस्थापनको विषयलाई मूलप्रवाहीकरण गर्नु पर्ने यथार्थता लाई आत्मसात् गर्दै दीगो विकासको आधार सुनिश्चित गरी समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपाल निमार्ण गर्ने राज्यको दुरगामी दृष्टिकोणलाई मुर्तता दिन, स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् उपयोग गरी विपद् जोखिम व्यवस्थापन लाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाएर कानेपोखरी गाउँपालिकालाई सुरक्षित राख्न तत्कालै विपद् ब्यावास्थपन कोषको स्थापना र त्यसको दिगो ब्यवस्थापन गर्न अति आवश्यक छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० अनुसार गाउँपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न पाउने ब्यवस्था समेतका आधारमा स्थानिय सरकार संचालन ऐनको परिच्छेद १५ को १०१ तथा परिच्छेद ३ को "११.२ को न" अन्तर्गत विपद व्यवस्थापन सम्बन्धी स्थानिय निती, कानुन, मापदण्ड, अनुगमन र नियमन गर्न पाउने गरी प्राप्त कार्यपालिकीय अधिकार प्रयोग गरी गाउँसभाले गरेको निर्णय र सो बमोजिम प्रत्यायोजन गरेको अधिकार अन्तरगत रही यो **“विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७४”** गाउँ कार्यपालिकाको बैठक बाट पारित गरी तत्काल लागु गरिएको छ ।

## परिच्छेद १ (एक)
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस निर्देशिकाको नाम "कानेपोखरी गाउँपालिका विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७४" रहेकोछ

ख. यो निर्देशिका कानेपोखरी गाउँपालिकाको निर्णय अनुसार गाउँसभाबाट स्वीकृत भए पश्चात लागू गरिनेछ। तत्काल गाउँसभा बस्ने अवस्था नभएमा आगामि गाउँसभा बाट स्वीकृत हुने गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन गर्न बाधा पुगेको मानिने छैन

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्नेछ

ख. "नियमावली भन्नाले" स्थानीय सरकार संचालन नियमावलीलाई सम्झनु पर्नेछ

ग. "निर्देशिका" भन्नाले "कानेपोखरी गाउँपालिका विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन निर्देशिक, २०७४ लाई सम्झनुपर्नेछ

घ. "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्छ। यसले प्रदेश नं. १ अन्तरगत रहेको स्थानीय सरकार हेर्ने मन्त्रालय समेतलाई जनाउने छ

ङ. "विषयगत मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकार (संघ तथा प्रदेश) का विकास निर्माण एवं सेवा सुविधाको प्रवाहसँग सम्बन्धित सवै मन्त्रालयहरूलाई सम्झनु पर्छ।

च. "राष्ट्रिय रणनीति" भन्नाले नेपाल सरकारबाट स्वीकृत भएको "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" लाई सम्झनु पर्दछ

छ. "विकास साझेदार" भन्नाले नेपाल सरकार (संघीय तथा प्रदेश) सँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय

दातृ निकाय, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, रेडक्रस र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था साथै स्थानीय सरकार र संघसस्था आदिलाई समेत सम्झनु पर्दछ

ज. "स्थानीय तह वा सरकार" भन्नाले संविधान बमोजिम गठित कानेपोखरी गाउँपालिकालाई सम्झनु पदर्छ

झ. "विपद्" भन्नाले प्राकृतिक वा गैरप्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्थालाई सम्झनु पर्दछ र सो शब्दले कुनै पनि ठाउँमा विपत्तिपूर्ण अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापनमा प्रतिकूल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन सक्ने वा नसक्ने, बाह्य सहयोगको आवश्यकता पर्ने, दुःखद् तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र जलवायु परिवर्तनबाट हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्दछ

ञ. "जलवायु परिवर्तन" भन्नाले मानिसका प्रत्यक्ष वा अप्रत्यक्ष क्रियाकलापका कारण विश्व-वायुमण्डलको संरचनामा आइरहेको परिवर्तनलाई कुनै एक समयावधिमा भएको प्राकृतिक जलवायु परिवर्तनसँग तुलना गर्दा देखिने भिन्नतालाई सम्झनु पर्दछ

ट. "प्राकृतिक विपद्" भन्नाले हिमपात, हिमपहिरो, हिमताल विस्फोटनबाट उत्पन्न बाढी, अतिवृष्टि, अनावृष्टि, आँधी, हुरिबतास, खडेरी, शीतलहर, तातोहावाको लहर (लू), चट्याङ, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, पहिरो तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्दछ

ठ. "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीटपताङ्क, सूक्ष्म जिवाणु, आतङ्क, पशु तथा बर्डफ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी दुर्घटना, हवाइ, सडक वा जल दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वनविनाश, भौतिक संरचनाको क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्दछ

ड. "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य वा विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ

ढ. "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरणसँग सम्बन्धित कार्यलाई सम्झनु पर्छ

ण. “पूर्वतयारी” भन्नाले विपद् हुनुपूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबैप्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्यसमेतलाई सम्झनु पर्दछ्

त. “विपद् प्रतिकार्य” भन्नाले विपद्को घटना हुनासाथ तत्कालै गरिने खोजी तथा उद्धार एवं राहत वितरणसँग सम्बन्धित कार्य र त्यसका लागि गरिने आवश्यक पूर्वतयारीलाई समेतलाई सम्झनु पर्दछ्

थ. “विपद् पुनर्लाभ” भन्नाले विपद्को घटनापछि गरिने आजीविकाको व्यवस्था, पुनःस्थापना, पुनर्निर्माण तथा दिगो विकाससँग सम्बन्धित कार्यलाई सम्झनु पर्दछ्

द. “समिति” भन्नाले विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ को अनुसूची १ बमोजिम कानेपोखरी गाउँकार्यपालिकाले गठन गरेको **"कानेपोखरी गाउँपालिका विपद् व्यवस्थापन कोष सञ्चालन समिति २०७४"** लाई सम्झनु पर्दछ

ध. “कार्यदल” भन्नाले कानेपोखरी गाउँपालिका विपद् व्यवस्थापन कोष सञ्चालनसमितिले गठन गरेको कार्यदललाई सम्झनु पर्दछ

न. “योजना” भन्नाले यस कार्यविधी बमोजिम तयार हुने स्थानीय विपद् व्यवस्थापन योजनालाई सम्झनु पर्दछ्

प. “अनुदान” भन्नाले नेपाल सरकार, प्रदेश सरकार, गैरसरकारी संघसंस्था विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकाय तथा गाउँपालिकाका विकास साझेदार बाट प्राप्त हुने निःशर्त तथा सशर्त प्राप्त हुने नगद तथा जिन्सि अनुदान, उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोग समेतलाई सम्झनु पर्दछ्

फ. “टोलविकास संस्था” भन्नाले समाज परिचालनको माध्यमद्धारा निश्चित प्रक्रिया पुरा गरी स्थानीय स्तरका सबै घरधुरी सदस्य रहने गरी स्थापना भई गाउँपालिकामा सुचिकृत भएका सामुदायिक संस्थालाई जनाउने छ

ब. “लक्षित समूह” भन्नाले आर्थिक रूपमा पछाडि परेका विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका सबै जातजातिका विपन्न वर्गहरू (ज्येष्ठ नागरिक, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम र पछाडि पारिएका वा परेका वर्ग, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला आदिसमेत), विपद् प्रभावित वा संकटापन्न समुदाय तथा व्यक्तिहरू एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायलाई सम्झनु पर्दछ्

भ. "कोष" भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १० दफा ७० बमोजिम यस निर्देशिका अन्तर्गत रहि कानेपोखरी गाउँपालिकाले स्थापना गरेको विपद व्यवस्थापन कोषलाई सम्झनु पर्दर्छ

म. "विशेष परिस्थिति" भन्नाले गाउँपालिकाबाट भौतिक तथा सामाजिक निर्माणको कार्य हुँदाको बखतमा उक्त कार्य बातावरणीय हिसाबले समेत सजगताका साथ संगसंगै सम्पन्न गर्दै लैजानुपर्ने आवश्यक्ता देखि जोखिम एवं लागत दुवै हिसाबले प्रभावकारी हुने गरी खर्च गर्नुपर्ने अवस्थालाई सम्झनु पर्दछ

य. “सभा” भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गठित कानेपोखरी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्नेछ

र. “गाउँपालिका” भन्नाले कानेपोखरी गाउँपालिकालाई सम्झनु पर्दछ

ल. “कार्यपालिका” भन्नाले कानेपोखरी गाउँपालिको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ

व. “अध्यक्ष” भन्नाले कानेपोखरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ

श. “उपाध्यक्ष” भन्नाले कानेपोखरी गाउँपालिको उपाध्यक्षलाई सम्झनु पर्दछ

ष. “वडाअध्यक्ष” भन्नाले कानेपोखरी गाउँपालिकाका वडाहरूका निर्वाचित वडाअध्यक्षलाई सम्झनु पर्दछ

स. “वडा सदस्य” भन्नाले कानेपोखरी गाउँपालिकाका वडाहरूका वडा सदस्यहरूलाई सम्झनु पर्दछ

ह. “सदस्य” भन्नाले कानेपोखरी गाउँपालिकाका गाउँकार्यपालिकाका सदस्यलाई सम्झनु पर्दछ साथै यसले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र अध्यक्ष समेतलाई जनाउने छ

क्ष. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कानेपोखरी गाउँकार्यपालिकाको कार्यकारी प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ

## परिच्छेद २ (दुई)
## लक्ष तथा उद्देश्य

**३.निर्देशिकाको लक्षः**

कानेपोखरी गाउँपालिकाको “विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७४” को लक्ष देहाय बमोजिम स्थापित गरिएको छ

**" प्राकृतिक तथा गैर प्राकृतिक विपत्तीको अवस्थामा हुन सक्ने संभावित धन जनको क्षतीलाई न्यूनिकरण हुने वातावरण सृजना गरी दिगो विकासको आधारसिला निर्माण गर्नु"**

**४. निर्देशिकाको उद्देश्यः**

यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्

क. विपद् व्यवस्थापन सम्बन्धी संघीय, प्रादेशिक तथा स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्नु

ख. विपद् व्यवस्थापनमा स्थानीय स्तरमा विपद् पूर्व तयारिको अवस्थालाई सक्षम, अर्थपूर्ण र विश्वासिलो पार्नु

ग. विपद् बाट उत्पन्न हुन सक्ने अवस्थाको ब्यवस्थापनकालागि साझेदारी र समन्वयको वातावरण सृजना गर्नु

घ. विपद् ब्यवस्थापनकालागि स्थापित कोषलाई बलियो र मजबुत बनाउनु

ङ. विपद् ब्यवस्थापनका बारेमा जनचेतना अभिबृद्धि गर्नु

च. पूर्वाधारहरूको निर्माण गर्दा जाखिम कम हुन सक्ने अवस्थाको सृजना गर्नु

छ. आपतकालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण गर्नु तथा योजना तर्जुमा गर्नु

ज. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको ब्यवस्थापनमा सहयोग गर्नु

झ. स्थानीय स्तरमा न्यून कार्वनमुखी (प्रदुषण नियन्त्रण), हानिकारक पदार्थहरूको नियमन तथा ब्यवास्थापन सहित वातावरण मैत्री (वातावरण संरक्षण, नियन्त्रण र ब्यवस्थापन) विकासकालागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु

ञ. जोखिम न्यूनिकरण र ब्यवस्थापनकालागि स्थानीय ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि लगायतका आवश्यक नीति नियम निर्माणमा गाउँपालिकालाई सहयोग गर्नु

## परिच्छेद ३ (तीन)
## विपद् ब्यवस्थापन कोष

**५. कोषको स्थापना :**

विपद् अचानक आईपर्ने घट्ना तथा परिघट्ना हो । अकस्मात आईपर्ने यस्ताखाले विपद् बाट हुन सक्ने जोखिमको न्यूनिकरणकालागि पूर्व सूचना प्रणालीको विकास गर्न तथा उत्पन्न घट्ना पस्चात राहत, उद्धार र पून:निमार्ण गर्न ठूलो रकम एकै पटक लाग्न सक्ने संभावना रहन सक्छ । कानेपोखरी गाउँपालिका बर्खरै संरचित र स्थापित भएको गाउँपालिका भएका कारण स्रोत र साधनको हिसावले कमजोर अवस्थामा रहेको छ । विद्यमान सिमित स्रोत र साधनका कारण एकातर्फ आन्तरिक आम्दानी बाट एकै पटक ठूलो रकम लगानी गर्न सक्ने अबस्था छैन भने अर्कोतर्फ दाता र विकास साझेदार साथै संघीय तथा प्रदेश सरकार बाट नियमित रुपमा प्राप्त हुने रकमको समेत सुनिस्चित भएको अवस्था छैन । यस्तो अबस्थामा विपद् आउनु पूर्वनै तयारिमा बस्न, विपद्का क्रममा राहत उद्दार गर्न तथा विपद पछि पुननिमार्ण गर्न सहज होस तथा कानेपोखरी गाउँपालिकालाई संभावित जोखिम बाट सुरक्षित राख्न सकियोस भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १० दफा ७० मा भएको ब्यवस्थाको अधिनमा रहि यो विपद् ब्यवस्थापन कोषको स्थापना गरीएको छ ।

**(१) कोषमा जम्मा हुने नगद तथा जिन्सि**

विपद् ब्यवस्थापन कोषलाई मजबुत र संभावित जोखिमलाई आन्तरिक रुपमानै सकेसम्म धान्न सक्ने बनाउनु दिगो विकासको आधारसिला मात्र नभएर गाउँपालिकाबासी सवै सरोकारवालाहरूको अहम् कर्तब्य समेत हो । **"आफ्नो गाउँ आफै सुरक्षित राखौं"** भन्ने उद्घोषका साथ कानेपोखरी गाउँपालिकाले स्थापित गरेको यस विपद् ब्यवास्थापन कोषमा देहाय बमोजिमको नगद तथा जिन्सि जम्मा हुने ब्यवस्था गरिएकोछ ।

क. विपद् ब्यवस्थापनकालागि संघ तथा प्रदेश सरकार बाट प्राप्त हुने अनुदान

ख. विपद् ब्यवस्थापनकालागि जिल्ला समन्वय समिति बाट प्राप्त हुने अनुदान

ग. गाउँपालिकाको पूँजीगत खर्चको १.५ % ले कोषमा जम्मा हुने रकम (यस कोषमा गाउँपालिका बाट सञ्चालन हुने पूँजीगत खर्चको भौतिक तथा सामाजिक पुर्वाधारका

कार्यक्रमको भुक्तानीमा १.५ % ले कट्टा गरी सो रकम स्थानिय विपद् व्यवस्थापन कोषमा जम्मा गरी विपद्मा गर्नु पर्ने खर्चको ब्यवस्थापन गरिनेछ)

घ. विभिन्न विकास साझेदार बाट प्राप्त हुने नगद तथा जिन्सि अनुदान

ङ. अन्य निकाय, साझेदार संघ सस्था लगायत दत्री निकाय र क्षेत्र बाट यस कोषमा जम्मा हुन आउने नगद तथा जिन्सि अनुदान

च. गाउँपालिकाका प्रत्येक घरपरिवार बाट बार्षिक रु १०।० का दरले सङ्कलन गरिने रकम

छ. स्थानीय बैंक तथा वित्तिय संस्था लगायत उद्योगि, ब्यापारी तथा ब्यवसायीहरूले आ-आफ्नो सामाजिक उत्तरदायीत्व अन्तरगत खर्च गर्नु पर्ने गरी तोकिएको रकमको एक निस्चित प्रतिसत यस विपद् व्यवस्थापन कोषमा जम्मा हुन आएको रकम (यस प्रकारको रकम संबन्धित सरोकारवाला संग सम्बाद र समन्वय विस्तार गरी निर्धारण गरिनेछ)

**(२) विपद् ब्यवस्थापन कोषको खाता संचालन तथा ब्यवस्थापन देहाय बमोजिम हुनेछ**

क. कोषको खाता सञ्चालनकालागि कानेपोखरी गाउँपालिकाले यस कोषको नाममा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क, ख, वा ग बर्गको बैंकहरू मध्ये कुनै एकमा छुट्टै बैंक खाता खोली सञ्चालनमा ल्याउनेछ भने जिन्सिको हकमा लगत सहित शुरक्षित भण्डारण गर्नेछ

ख. कोषको खाता स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको ब्यवस्था बमोजिम कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतवाट सचालन हुनेछ । तर प्रचलित कानून वमोजिम स्थापना भएको कोषको खाताको सञ्चालन सम्वन्धमा अधिकार प्रत्यायोजन गर्न यस ब्यवस्थाले बाधा पुग्ने छैन

ग. कोषको खाता सञ्चालन तथा ब्यवस्थापन कानेपोखरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ

घ. नगद तथा जिन्सि खाता सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ

ङ. बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेः अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक स्थिति तथा यस कोषको अवस्थलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार गाउँपालिकाले पूर्ण वा आंशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ

च.	रकमान्तर तथा श्रोतान्तरः गाउँसभाले स्वीकृत गरेको कुनै एक कार्यक्रमिक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी गाँउकार्यपालिकाले निर्णय गरी रकमान्तर गर्न सक्नेछ । तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन

छ.	यस निर्देशिका बमोजिम लेखा तथा जिन्सि लगत राखे नराखेको, लेखा वा जिन्सि दाखिला गरे नगरेको र लेखापरीक्षण वा जिन्सि लगत परिक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ

ज.	कोषको आन्तरीक तथा अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ

## परिच्छेद ४ (चार)
## कोषको प्रयोग सम्बन्धी व्यवस्था

### ६. कोषको नगद तथा जिन्सि खर्च गर्न सकिने क्षेत्र

विपद् व्यवस्थापन कोषमा जम्मा भएको नगद तथा जिन्सि यस निर्देशिकामा भएको व्यवस्थाका आधारमा गाउँसभाले तय गरेका प्राथमिकता प्राप्त क्षेत्र र स्थानमा प्राथमिकताको आधारमा देहाय बमाजिमको कार्यमा खर्च गर्न सकिनेछ । विवद् को विषय कहिले कहिँ नसोचेको वा प्राथमिकता तोकेको क्षेत्र र स्थान भन्दा बाहिर पनि हुन सक्छ । यस्तो भएमा समितिको निर्णय बमोजिम समेत खर्च गर्न सकिन्छ । तर यसरी गरिएको खर्च तथा क्षेत्र समितिले गाउँकार्यपालिका बाट र गाउँकार्यपालिकाले गाउँसभा बाट अनुमोदन गराउनु पर्ने हुन्छ

### (१) विपद् पूर्वतयारी चरणमा

क.	भुकम्प, बाढी, पहिरो, जलबायु परिवर्तन, आँधी, हुरी बतास, सितलहर लगायतका संभाब्य सबै प्रकारका विषयको पूर्व सूचना स्थापित गर्न

ख.	जलवायू परिवर्तन, भुकम्प, आगलागि, शीतलहर लगायतका कारण उत्पन्न हुन सक्ने जोखिम र असरका बारेमा विद्यालयमा शिक्षा प्रदान गर्न, सर्वसाधारण गाउँपालिकाबासिलाई जानकारी दिन तथा जनचेतना जगाउन र अभिबृद्धि गर्न

ग.	भवन तथा घर निमार्ण गर्ने सिकर्मी तथा डकर्मिहरू लाई संभावित जोखिम र त्यसको न्यूनिकरणमा अपनाउनु पर्ने सतर्कता र सिपका बारेमा तालिम दिन

घ	जोखिममा रहेका तथा संभावित जोखिममा पर्न सक्ने बस्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न

ङ. विद्यालय, बालविकास केन्द्र र सामुदायीक भवन निमार्ण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न

च. लाईफ ज्याकेटहरू लगायतका सवै पूर्वतयारीका सामाग्रिको ब्यवस्थापन र वितरण गर्न

छ. ब्यक्तिगत तथा सामुदायीक सरसफाई, स्वास्थ्य सचेतना, रोग तथा महामारि नियन्त्रण जस्ता कार्यक्रमहरू सञ्चालन गर्न

ज. जोखिम न्यूनिकरण र ब्यवस्थापनकालागि गाउँपालिकामा उत्पन्न हुन सक्ने अन्य संभाब्य कार्यहरू गर्न

**(२) विपद्को अवस्था सृजना भएको अबस्थामा**

क. खोज तथा उद्दारको कार्य गर्न

ख. प्रथामिक उपचारका संभाब्य सवै उपाय अवलम्बन गर्न

ग. भग्नाबशेषको ब्यवस्थापन गर्न

घ. उपचार तथा माक्स वितरण गर्न

ङ. रोग सर्न नदिने उपायहरूको खाजी र उपयुक्त उपायहरूको अबलम्बन गर्न

च. हाटबजार लगायतका स्थान र क्षेत्रमा माछा मासु काट्न तथा विक्री वितरण गर्न प्रतिबन्ध लगाउन

छ. सहयोगी तथा साझेदारहरूको खोजी गर्न

ज. एकद्वार प्रणालीको ब्यवस्था मिलाएर सहयोग लिने दिने व्यवस्था मिलाउन तथा गर्न

झ. विपद प्रतिकार सम्बन्धीका सवै काम गर्न

ञ. विपद उद्दारका क्रममा हुन सक्ने संभावित दुर्घटनाको न्यूनिकरण गर्न संभाब्य सवै उपायहरू अवलम्बन गर्न

ट. लक्षीत समुदायलाई विशेष प्राथमिकतामा राखेर तथा ध्यान दिएर उद्धार तथा पुनस्थापनाको काम गर्न

ठ. छिमेकि नगर तथा गाउँपालिकामा विपद्का कारण कुनै प्रकारको सङ्कट उत्पन्न भएमा क्षमता बमोजिमको नगद तथा जिन्सि सहयोग गर्न

**(३) विपद पछिको अवस्थामा**

क. दिर्घकालीन आधार सहितको योजना तयार गर्न

ख.  विपद पुनर्लाभ सम्बन्धी अन्य आबश्यक कार्यहरू गर्न

**(४) कोषको रकम खर्च गर्न पाईने अन्य क्षेत्र**

क.  सम्बन्धित क्षेत्रमा खर्च गर्ने गरी समितिको सिफारिस र गाउँकार्यपालिकाको निर्णय बमोजिम गाउँसभाले तय गरेका क्षेत्रहरू कार्य गर्न

ख.  विपद् व्यवस्थापन र सो को न्यूनिकरणका लागि सचेतना तथा पूर्व तयारी सम्बन्धी कार्यका साथै प्रवर्द्धनात्मक कार्य गर्न

**(५) खर्च गर्ने सम्बन्धी व्यवस्थापनः**

कानेपोखरी गाउँपालिकाले स्थापना गरेको विपद् व्यवास्थापन कोषमा प्राप्त वा रहेको नगद तथा जिन्सि खर्च गर्दा देहाय बमोजिमका प्रकृया अवलम्बन गरी खर्च गर्न सकिने ब्यवस्था गरिएको छ

क.  यस कोषको नगद तथा जिन्सि यस निर्देशिकामा ब्यवस्था भएको विपद् व्यवस्थापन कार्यमा बाहेक अन्य प्रयोजनको लागि  खर्च गर्न पाइने छैन

ख.  यस कोषको प्रयोग वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरी गाउँकार्यपालिकाको सिफारिसमा गाउँसभा बाट स्वीकृत गराई कार्यान्वियन गर्नुपर्नेछ

ग.  गाउँसभा तथा गाउँकार्यपालिकाले तोकेका प्राथमिकता प्राप्त क्षेत्रमा तोकिएको कार्यमा खर्च गर्नु  पर्दा आवश्यक्ता, औचित्यता र दीगोपना समेतका आधारमा बढिमा रु. ५०००।० (पचास हजार) सम्मको नगद तथा जिन्सि व्यवस्थापन समितिको संयोजकको तोकआदेसमा खर्च गर्न सकिनेछ

घ.  रु. ५०,०००।० भन्दा बढी नगद तथा जिन्सि खर्च गर्नु पर्ने अवस्था श्रृजना भएमा व्यवस्थापन समितिको निर्णय अनुसार मात्र खर्च गर्न सकिनेछ । तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थिति उत्पन्न भएको अवस्थामा संयोजकको तोकादेसमा कोषको रकम तथा जिन्सि खर्च गर्न यसमा लेखिएको बाध्यात्मक ब्यवस्थाले कुनै वाधा पुऱ्याएको मानिने छैन । तर विशेष परिस्थितिका बारेमा समितिको बैठकमा विवरण र कारण पेश गरी अनुमोदन गराउनु पर्नेछ

ङ.  यस कोष बाट भएका सवै खाले खर्चहरूको कार्यकम सहितको विवरण तथा प्रतिवेदन तयार गरी समितिका सचिवले समितिको बैठकमा पेश गरी सम्पन्न गरिएको कार्यहरू सूचिकरण गर्नु पर्नेछ

च.  विपद् ब्यवस्थापन कोषमा जम्मा रहेको जिन्सि कारणबस लामो समय सम्म खर्च नभई सड्न वा विग्रन सक्ने भएमा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय

बमोजिम सामाजिक शुरक्षा कोषमा स्थानान्तरण गरी सामाजिक सेवाको काममा खर्च गर्न सकिनेछ

## परिच्छेद ५ (पाँच)
## विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समितिको संरचना साथै काम, कर्तव्य र अधिकार

### ७. समिति र समितिको संरचनाः

(१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को १४ मा गाउँकार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ भन्ने भएको व्यवस्था बमोजिम कानेपोखरी गाउँपालिकामा विपद् व्यवस्थापनकालागि बढिमा १७ सदसीय **"कानेपोखरी गाउँपालिका विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति"** को गठन गरिनेछ साथै उक्त समितिको संरचना देहाय बमोजिम हुनेछ

क) गाउँपालिकाको अध्यक्ष
संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष सदस्य

ग) वडा अध्यक्ष मध्येबाट गाउँपालिकाले मनोनयन गरेका ३ जना वडाध्यक्ष सदस्य

घ) राष्ट्रिय स्तरका राजनितिक दलका गाउँपालिका स्तरीय प्रतिनिधी सदस्य

ङ) नेपाल रेडक्रस सोसाईटि, स्थानिय गैरसरकारी संस्था सामुदायिक संस्था,

सामाजिक संघसंस्था वा प्रतिष्ठित समाजसेवी मध्ये गाउँकार्यपालिकाले मनोनित गरेका ४ जना ( यसमा महिला र दलित अनिबार्य रुपमा हुनुपर्ने छ) सदस्य

च) स्थानिय स्तरका उपलव्ध विपद् व्यवस्थापन सम्बन्धी विज्ञ मध्ये गाउँकार्यपालिकाबाट मनोनित २ जना सदस्य

छ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**(२) समितिका सदस्यहरूको पदावधी समाप्ति सम्बन्धी ब्यवस्था**

क. गाउँपालिकाको पदावधी समाप्त भएमा वा गाउँ कार्यपालिकाको सदस्य नरहेमा

ख. गाउँपालिका बाट अवकास लिएमा

ग. गाउँपालिकाको पदाधिकारीको हैसियतमा दिएको राजिनामा स्वीकृत भएमा

घ. यस समिति बाट राजिनामा दिएमा

ङ. कुनै प्रकारको फौजदारी तथा भ्रष्टचार सम्बन्धी अभियोग लागेमा वा प्रमाणीत भएमा

(३) समितिका सदस्यहरूको मनोनयन तथा हेरफेर सम्बन्धी ब्यवस्था:

क. यस निर्देशिकामा उल्लेख भए बमोजिमका गाउँकार्यपालिकाले मनोनित गर्ने भनि तोकएका समितिका सदस्यहरू मध्ये आवश्कता र कार्यकुसलताको आधारमा समितिका संयोजकको सिफारिसमा कुनै एक वा एक भन्दा बढी सदस्यहरू गाउँकार्यपालिकाले निर्णय गरी समय समयमा हेरफेर गर्न सक्नेछ

ख. यस समितिमा पदेन सदस्य रहने ब्यवस्था भएकोमा परिच्छेद ४ को ८.१ बमोजिमका कारण उक्त पद रिक्त हुन गएमा उक्त स्थानमा गाउँ कार्यपालिकाले अर्को ब्यवस्था नहुनजेल सम्मकालागि गाउँकार्यपालिकाका कुनै पनि सदस्यलाई पदिय श्रेष्ठताका आधारमा नियुक्त वा मनोनयन गर्न सक्नेछ

## ८. विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. विपद व्यवस्थापन योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्ने

ख. गाउँपालिका विपद् व्यवस्थापन योजनाको स्वीकृतीका लागि गाउँ कार्यपालिकामा पेश गर्ने

ग. विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा उपसमिति लाई सहयोग पुर्‍याउने

घ. विपद् सम्बन्धी तालिम, प्रशिक्षण दिने वा दिने व्यवस्था मिलाउने

ङ. विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने

च. विपद् व्यवस्थापनकालागि बार्षिक बजेटको व्यवस्था गर्ने

छ. विपद् जोखिम न्यूनिकरणका गतिविधीहरूमा बजेट तथा श्रोत परिचालन तत्काल हुने व्यवस्था मिलाउने

ज. गाउँपालिकामा निमार्ण हुने भौतिक संरचना निमार्ण प्रक्रियामा केन्द्र तथा प्रदेश सरकार लगायत जिल्ला स्तरबाट लागु भएका नीति निर्देशन कार्यान्वयन गर्ने गराउने

झ. विपद् व्यवस्थापन योजना, आपतकालिन कार्य योजना, पुनःस्थापना तथा पुनःनिर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने

ञ. गाउँपालिकालाई विपद् व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने दस्तावेज तयार तथा अध्यावधिक गर्ने गराउने

ट. विपद् व्यवस्थापन र जोखिम न्यूनिकरणका अवधारणालाई मुल प्रवाहीकरण गर्ने

ठ. विपद् बाट विस्थापित समुदायलाई पुनःस्थापना गर्न सम्बधित निकायहरू संग आबश्यक समन्वय गर्ने

ड. गाउँपालिकाको प्रकोप जोखिम नक्सा बनाउने

ढ. विकास निमार्णका कार्यहरूमा विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण संग अन्तरसम्बन्धित विषयहरूलाई मुलप्रवाहीकरण गर्ने गराउने

ण. सामुदायिक विपद् तथा प्रकोप व्यवस्थापन समितिहरूलाई गाउँपालिकामा आबद्ध गराई तिनको सूची तयार गरी समितिहरूका कार्यक्रमहरूमा सघाउने

त. विपद् व्यवस्थापन, सरसफाई, वातावरण संरक्षण र सम्बर्द्धन सम्बन्धी जनचेतना तथा क्षमता अभिबृद्धिका कार्य गर्ने गराउने

थ. विपद् जोखिम तथा क्षमता विश्लेषण गर्ने (यस अन्तर्गत प्राविधिक अध्ययन र जोखिम विश्लेषण, सामाजिक तथा आर्थिक जोखिम विश्लेषण, गाउँपालिकाको क्षमता विश्लेषण एवम् संकटासन्नता, जोखिम तथा क्षमता पार्श्वचित्र तयार गर्ने)

द. विपद् व्यवस्थापन प्रक्रियालाई समावेशी र सहभागितामुलक बनाउन लैंगिक समानता, समाजिक समावेशीकरण, अपाङ्गता तथा सिमान्तकृत समुदायको पहुंच, जीविकोपार्जनका

बैकल्पीक क्षेत्रको पहिचान र पछाडि पारिएका वा परेका बर्गहरूको पहुंच, प्रभावित समूदायको मानवअधिकारको संरक्षण जस्ता कार्यलाई प्रथमिकतामा राख्ने

ध. विपद् व्यवस्थापन कार्यक्रम र सरसफाई गतिविधिलाई विकासका नीति, योजना र कार्यक्रममा समायोजन गर्दै लाने

न. गाउँपालिका तथा गाउँपालिका अन्तर्गत रहेका समुदाय तहमा विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी लागू गर्न आबश्यक पर्ने श्रोत पुस्तिकाहरू तयार गरी क्षमता विकासमा सहयोग गर्ने

प. स्थानिय स्तरमा विपद् व्यवस्थापन र सरसफाईको कार्यमा समन्यव तथा सहकार्य स्थापित गर्ने

फ. प्रतिकार्यमा न्यूनतम मापदण्डको सुनिश्चीतता गर्ने

ब. स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ समेतका आधारमा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको पालना गर्ने गराउने

भ. राष्ट्रिय भवनसंहिताको अधिनमा रहि थप मापदण्ड बनाएर लागू गर्ने

म. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउने

य. सामाजिक परिक्षण, सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्ने गराउने

## ९. कार्यदल सम्बन्धी व्यवस्था

यस समितिले आफ्नो कामलाई छिटो, छरितो र ब्यवस्थित पार्न तथा आपतकालिन अवस्थामा समेत कार्य सम्पादनलाई सहज र प्रभावकारी बनाउन यस समितिका सदस्य मध्ये बाट समितिका संयोजकको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी समिति स्वयम्ले बढिमा ७ सदस्यीय एक कार्यदल गठन गर्न सक्नेछ । यस कार्यदलमा विपद् उत्पन्न भएका वा विपद् ब्यवस्थापन तथा उद्धार गर्नु पर्ने वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागि गराउनु पर्नेछ ।

(१) कार्यदलको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. समितिको बैठकमा लैजाने बिषय बस्तुको निर्धारण गर्ने तथा प्रस्ताव तयार गर्ने

ख. समितिको बैठकमा लगेका विषय बस्तुको बारेमा समितिलाई स्पष्ट पार्ने

ग. समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने तथा गराउने

घ. आपतकालिन अवस्था सृजना भएको अवस्थामा समितिको बैठक तत्काल बस्न सक्ने अवस्था नरहेमा समितिको बैठक नबस्दाका बखत सम्म समितिले गर्ने सम्पूर्ण कार्यहरू गर्ने

ङ. कार्यदलले गरेका कार्यहरूलाई समितिको बैठकमा अनुमोदनकालागि पेश गर्ने

च. समितिले दिएका निर्देशनको पूर्ण पालना गर्ने गराउने

(२) कार्यदलको बैठक संबन्धी व्यवस्था

क. कार्यदलको बैठक आवश्यकता अनुसार जुनसुकै बेला बस्न सक्नेछ

ख. समितिको बैठक बस्नु भन्दा अगाडि समितिमा लैजाने विषय बस्तु तयारी र निर्धारणकालागि कार्यदलको बैठक बस्नेछ

ग. कार्यदलको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ

घ. बैठक सञ्चालन सम्बन्धी अन्य व्यवस्था परिच्छेद ६, नियम १० को १ भएको व्यवस्था बमोजिम हुनेछ

## परिच्छेद ६ (छ)
## समितिको वैठक सञ्चालन सम्बन्धी व्यवस्था

१०. समितिको बैठक संचालन तथा सेवा सुविधा संबन्धी व्यवस्था

(१) समितिको बैठक सञ्चालन संबन्धी व्यवस्था देहाय बमोजिम हुनेछ

क. समितिको बैठक कम्तिमा २ महिनामा एक पटक बस्नेछ र आवश्यकतानुसार जतिसुकै पटक पनि वस्न सक्नेछ

ख. समितिको बैठकमा समितिको संयोजक तथा सदस्यहरू स्वयं उपस्थित हुनु पर्नेछ, तथा समितिको बैठक समितिका संयोजकको अध्यक्षतामा बस्नेछ। अध्यक्ष नभएको अवस्थामा समितिको वैठक यस समितिका सदस्य गाउँपालिकाका उपाध्यक्ष र उपाध्यक्ष समेत नभएको अवस्थामा समितिका जेष्ठ सदस्यको संयोजकत्वमा संचालन हुनेछ

ग. सदस्यहरुको कूल संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरू उपस्थित नभएमा गणपूरक संख्या पुगेको मानिने छैन । तर उल्लेखित संख्यामा सदस्यहरू उपस्थित नभएको कारणवाट बैठक वस्न नसकेमा कम्तिमा दुई दिनको समय उपलब्ध गराई

बैठक बोलाउन सकिने छ भने विशेष परिस्थिति उत्पन्न भएको अवस्थामा २४ घण्टाको सूचना दिई पुनः बैठक वोलाउन सकिनेछ । यसरी दाश्रो पटक बोलाएको बैठकमा समेत गणपुरक संख्या नपुगे पुन २४ घण्टाको समयावधि दिई बैठक बोलाउन सकिने छ साथै यस बैठकमा जम्म सदस्य संख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ

घ. समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने अध्यक्षले निर्णायक मत दिन सक्नेछ । तर, समितिको बैठकमा आफनो निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफल तथा निर्णयमा अध्यक्ष वा कुनै सदस्यले भागलिन वा मतदानगर्न पाउनेछैन

ङ. बैठकमा छलफलको निमित्त तोकिएको विषयमा क्रमवद्ध रुपमा छलफलगरी निर्णय गर्नुपर्नेछ, कुनै बैठकमा समयाभावले तोकिएको विषयमा छलफल हुन नसकेमा त्यसपछि वस्ने अर्को बैठकमा त्यस्तो विषयमा छलफल तथा निर्णय नगरी बैठकका अन्य विषयमा प्रवेश गर्न पाईने छैन

च. समितिको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि सामिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

छ. समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले वोलाउनेछ । तर कूल सदस्य संख्याको एक तिहाई सदस्यले बैठकमा छलफल गर्नुपर्ने विषय खोली समितिको बैठक वोलाउन अध्यक्ष समक्ष माग गरेमा त्यस्तो लिखित माग प्राप्त भएको ७ कार्य दिनभित्र संयोजकले बैठक वोलाउनु पर्नेछ उल्लेखित अवधिभित्र समितिको बैठक नवोलाएमा त्यस्तो माग गर्ने सदस्यहरू आफैले समितिको बैठक बोलाउन सक्नेछन्

ज. समितिका कुनै पनि सदस्य विना कारण समितिको बैठकमा अनुपस्थित हुन पाईने छैन । मनासिव कारण वेगर तथा विना सूचना समितिको बैठकमा लगातार ३ पटक सम्म अनुपस्थित रहेमा वा भएमा त्यस्ता सदस्यको समितिको सदस्यका हैसियतले कायम रहेको यस समितिको पद स्वतह समाप्त भएको मानिनेछ

झ. बैठक सुरु हुनु भन्दा १५ मिनट ढिलो उपस्थित हुने कुनै पनि सदस्यलाई संयोजकको निर्देशन भएमा बाहेकको हकमा बैठकमा उपस्थित गराउन पाईने छैन

(२) यस निर्देशिकामा उल्लेख भएको कार्यविधि परिमार्जन वा अध्यावधिक गर्नु परेमा समितिले प्रचलित कानूनको अधिनमा रही गाउँकार्यपालिकाको बार्षिक नीति तथा कार्यकम समेतलाई आधार मानी कार्यविधि परिमार्जन गरी वा अध्यावधिक गरी गाउँ कार्यपालिकामा पेश गर्नेछ । उक्त कार्यविधि गाउँकार्यपालिकाले पारित गरे पछी लागु हुनेछ

(३) समितिका सदस्यहरूको बैठक भत्ता प्रचलित ऐन तथा नियम अनुसार गाउँकार्यपालिकको सिफारिसमा गाउँसभाले स्वीकृत गरे बमेजिम हुनेछ

(४) वैठकमा आवश्यकता अनुसार विशेषज्ञ, विषय विज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ

(५) यस निर्देशिकामा उल्लेख भए बाहेकको हकमा बैठक सञ्चालन सम्बन्धी आचारसंहिता समिति आफैले निर्धारण गर्नु पर्नेछ

## परिच्छेद ७ (सात)
## विबिध

**११. विपद् ब्यवस्थापन कार्य गर्ने गराउने व्यवस्था :**

कानेपोखरी गाउँपालिकाले विपद् ब्यवस्थापनको कार्य गर्दा गराउँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस संग सम्बन्धित नियमावली, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित स्थानीय कानून र अन्य प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पुरा गरी गर्नुपर्ने छ । सार्वजनिक संरचनाको मर्मत संभार कार्यमा जनसहभागिता प्रर्वद्धनलाई उच्च प्राथमिकता दिनु पर्नेछ

**१२. अनुगमन तथा मुल्याङ्कन**

क. यो निर्देशिका अनुसार गरिएका सम्पूर्ण कामकारवाहीहरूको अनुगमन तथा मुल्याङ्कन गाउँकार्यपालिकाले ३ सदसीय एक छुट्टै अनुगमन तथा मुल्याङ्कन समिति निर्माण गर्नेछ

ख. अनुगमन तथा मुल्याङ्कन समितिले यो निर्देशिका अनुसार संचालित कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन गरी बस्तुगत अवस्थाका बारेमा चौमासिक रुपमा वा

गाउँकार्यपालिकाले तोकेको समय सिमा भित्र प्रतिवेदन समेत तयार गरी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ

ग. यसरी गाउँ कार्यपालिकामा पेश भएका प्रतिवेदनहरू सभा बाट स्वीकृत गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाले गाउँसभामा स्वीकृतिकालागि पेश गर्नु पर्नेछ

**१३. संशोधन तथा परिमार्जन**

ीवपद् व्यवस्थापन कोषलाई व्यवस्थित र सक्षम बनाउनको लागि प्राप्त अनुभव र सुझावको आधारमा यस निर्देशिकालाई विपद् ब्यवस्थापन कोष सञ्चालन तथा ब्यवस्थापन समितिको सिफारिस तथा गाउँकार्यपालिकाको निर्णय बमोजिम गाउँसभा बाट आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ

**१४. प्रचलित कानून बमोजिम हुनेः**

यस निर्देशिकामा उल्लेख भएका कुराहरूको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ

**१५. अमान्य वा निस्कृय हुनेः**

यस निर्देशिकामा उल्लेख भएका विषयहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४, अव बन्ने स्थानीय सरकार सञ्चालन नियमावली, स्थानीय तह वा सरकार आर्थिक प्रशासन नियमावली तथा अव बन्ने प्रदेश कानून लगायतका प्रचलित ऐन तथा नियमावलीको दफा र नियमसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ